# डोल्पो बुद्ध गाउँपालिका

༄། དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྐྱི་ཁྲབ་ལྷན་ཁང་།

## स्थानीय राजपत्र

**खण्ड-९ संख्याः ९ मितिः २०८२।०३।१५**

## भाग- २

# डोल्पो बुद्ध गाउँपालिका

༄། དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྐྱི་ཁྲབ་ལྷན་ཁང་།

**कार्यपालिकाबाट स्वीकृत मिति २०८२/०३/०७**

**प्रमाणीकरण मिति २०८२/०३/१५**

## डोल्पो बुद्ध गाउँपालिकाको पोषण समूह गठन, दर्ता र परिचालन निर्देशिका, २०८२

प्रस्तावना :

पोषण सुधारको दृष्टिकोणले सुत्केरी हुनु अघि र पछि गरी हजार दिनको अवधिलाई महत्वपुर्ण समयको रुपमा लिईन्छ। यहीँ कुरालाई मध्यनजर गर्दै पोषण समूहहरुको समुचित प्रयोग गरी पोषण क्षेत्रको समष्टिगत विकासमा सकारात्मक प्रभावको लागि तत्काल सम्बोधन गर्न समय सापेक्ष वैधानिक मार्गदर्शन आवश्यकता महसुस भएकोले पोषण समूहलाई प्रभावकारी एवं समन्वयात्मक रुपमा संचालन गर्न पोषण क्षेत्रमा संलग्न निकायहरुको कामकारबाहीलाई प्रक्रियागत रुपमा अझ बढी प्रभावकारी एवं समन्वयात्मक तवरले गर्न /गराउन आवश्यक भएकोले (स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) उप दफा (द) ले दिएको अधिकार प्रयोग गरी डोल्पो बुद्ध गाउँपालिकाको कार्यालयबाट यो निर्देशिका जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. नाम र प्रारम्भ : (१) यो निर्देशिका डोल्पो बुद्ध गाउँपालिका पोषण समूह गठन,दर्ता र परिचालन निर्देशिका, २०८२ रहेको छ।

(२) यो निर्देशिका डोल्पो बुद्ध गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क)"कार्य समिति" भन्नाले निर्देशिका अनुसार निर्वाचित अध्यक्ष, उपाध्याक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरुलाई सम्झनु पर्दछ।

(ख)"गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएका डोल्पो बुद्ध गाउँपालिकालाई सम्झनुपर्दछ।

(ग) "पोषण" भन्नाले पोषक तत्वहरु र शरीर बिचको अन्तरसम्बन्धको अध्ययन गर्ने विज्ञान जनाउदछ।

(घ) "पोषण समूह" भन्नाले हजार दिन भित्रका अवधिमा पर्ने गर्भवती, सुत्केरी र २ वर्ष मुनिका बच्चा भएका महिला

(ङ) प्रजनन उमेर समुहका महिला, किशोरी संलग्न भई मिल्दा जुल्दा समस्या आवश्यकता र चाहनाहरु भएका न्यूनतम १५ वा सो भन्दा बढी व्यक्तिहरु मिली सामुहिक प्रयत्नद्वारा पोषण क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न बनाइएको संगठनलाई सम्झनु पर्छ।

(च) लेखा" भन्नाले प्रचलित कानुन बमोजिम कारोबारको यथार्थ विवरण देखिने गरी राखिने अभिलेख, खाता, किताव आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजातलाई समेत जनाउँदछ।

(छ) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनु पर्दछ।

(छ) "समूह विधान भन्नाले समूहको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप संचालन गर्न बनाइएको नियम सम्झनुपर्दछ।

(ज) "हितकोष" भन्नाले कुनै पनि नगद,जिन्सी तथा भौतिक सरसामान नगद मौज्दात, ऋण लगानी,लगानीको रुपमा रहेको समूहको नगद पुँजीलाई जनाउँदछ।

(ञ)"हितकोष परिचालन" भन्नाले संकलित हितकोषलाई उत्पादनमुलक कार्यमा लगानी गर्ने कार्यलाई सम्झनुपर्दछ।

**३. उद्देश्य : यसनिर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछन:**

(क) प्रत्यक्ष रुपमा पोषण लक्षित वर्गमा पर्ने महिलाहरु आबद्ध समूहको समन्वय, व्यवस्थापन गर्नको लागि सहयोग पुऱ्याउने,

(ख) पोषण समूहको गठन र सञ्चालनको लागि आवश्यक मापदण्ड र प्रक्रियाको मार्गदर्शन गर्ने,

(ग) हितकोष व्यवस्थापन तथा परिचालन गर्न स्पष्ट निर्देशन दिने,

(घ) पोषण समूह गठन तथा परिचालन कार्यमा संलग्न निकाय र व्यक्तिको भूमिका र जिम्वेवारी तोक्ने,

(ङ) पोषण समूहको व्यवस्थापन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विकास गर्ने।

४. निर्देशिकाको प्रयोग गर्नु पर्ने अवस्था : यस निर्देशिकाको प्रयोग देहायका अवस्थामा गर्नुपर्ने छ:

(क) पोषण क्षेत्रमा संलग्न निकायहरुको कामकारबाहीलाई प्रक्रियागत रुपमा प्रभावकारी एवं समन्वयात्मक तवरले गरी सुशासन लागु गर्नपर्ने अवस्थामा,

(ख) सरकारी तथा गैर-सरकारी निकायहरुबाट पोषण तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्नको लागि समूह गठन तथा व्यवस्थापन गर्नपर्ने अवस्थामा,

(ग) प्रत्यक्ष रुपमा पोषण लक्षित वर्गमा पर्ने महिलाहरु आवद्ध समूहहरुको समन्वय,व्यवस्थापन र नियमन गर्नुपर्ने अवस्थामा,

(घ) समूहको योजना तर्जुमा गर्नुपर्ने अवस्थामा,

(ङ) समूहको हितकोष संचालन तथा परिचालन गर्नु पर्ने अवस्थामा,
(च) समूहमा लेखा व्यवस्थापन गर्नुपर्ने अवस्थामा,
(छ) समूहमा मतभेद व्यवस्थापन गर्नुपर्ने अवस्थामा,
(ज) बिभिन्न सरोकारवाला पक्षहरुको भूमिका र जिम्मेवारी तोक्नुपर्ने अवस्थामा ।

## परिच्छेद २

## पोषण समूह गठनका आधारहरु, सदस्यहरुको छनौट र समूहको वर्गीकरण

५. गठनका आधार : गाउँपालिकामा स्वास्थ्य तथा सरसफाइ शाखाले पोषण समूह गठन गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछ ।
(क) पोषण लक्षित वर्गमा पर्ने महिलाहरुको आवश्यकता र स्थान विशेषको पोषण व्यवहार परिवर्तनको सम्भाव्यता
(ख) सेवा पुऱ्याउनु पर्ने घरधुरी संख्या र महिलाको संख्या,
(ग) महिलाको आर्थिक, सामाजिक स्थिति र श्रोतसाधनको अवस्था,
(घ) पोषण समूहमा विभिन्न वर्गका महिलाहरुको प्रतिनिधित्वको सुनिश्चितता,
(ङ) समूहमा आवद्ध गराउनु पर्ने महिलाहरुको सुनिश्चितता र छनौट ।
६. सदस्यहरुको छनौट गर्दा ध्यान दिनुपर्ने : (१) पोषण समूहका लागि सदस्यहरुको छनौट गर्दा देहायका कुराहरुमा ध्यान दिनु पर्दछ ।
(क) साझा कार्य र उद्देश्य लिएका,
(ख) सामाजिक एंव आर्थिकस्तरमा एकरुपता भएका,
(ग) सकभर साक्षर एवं शैक्षिक स्तरमा समानता भएका,
(घ) समूहगत कार्यमा समय दिन सक्ने ।
(ङ) एउटै समूदाय वा स्थानमा बसोवास गर्ने ।
(च) पोषणको लक्षित वर्गको रुपमा रहेको ।
(२) एकाघरको एक जना भन्दा बढी सदस्य एउटै समूहमा सदस्यता लिन सक्ने छैनन् ।
(३) कुनै एक समूहमा आबद्ध भइसकेको सदस्य अर्को त्यस्तै प्रकृतिको समूहमा आवद्ध हुन सक्ने छैन ।
७. समूहको वर्गिकरण : समूहका सदस्यहरुको लैंगिक सहभागिता, समूहले निश्चित गरेको क्षेत्रगत आधार साथै विभिन्न कार्यक्रमको आधारमा पोषण समूहलाई वर्गीकरण गर्न सकिनेछ ।

## परिच्छेद -३

## समह गठन प्रक्रिया कार्य समितिको संरचना र पदाधिकारीहरुको जिम्मेवारी

**८. समूह गठन प्रक्रिया** : पोषण समूह गठन तथा व्यवस्थापन गर्दा देहाय वमोजिम प्रक्रिया अवलम्वन गर्नुपर्ने छ ।
(१) प्रारम्भिक भेला :
(क) इच्छुक लक्षित वर्गका महिलाहरुको भेला तथा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने,
(ख.) सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्ने,
(ग) लक्षित वर्गका महिला भेलाको छलफल एजेण्डा, मिति, समय तथा स्थान तय गर्ने,
(घ) भेलामा छलफलका लागि उपस्थित लक्षित महिलाहरुमध्ये एकजनालाई संयोजक तोकी नीजले छलफलको नेतृत्व गर्ने,
(ङ) पोषण समुहको उद्देश्य र आवश्यकताबारे जानकारी गराउने ।
(२) छलफल संचालन :

(क) भेलाको उद्देश्य र आवश्यकता विस्तृत रुपमा प्रस्ट पार्ने,
(ख) भेलाका एजेण्डाहरुमा क्रमशः छलफल गर्दै बुँदा टिपोट गरी निर्णय पुस्तिकामा तयार गर्ने,
(ग) समूहको सदस्य बन्न ईच्छुक योग्य व्याक्तिहरुको नामावली तयार गर्ने,
(घ) भेलाले तदर्थ समिति गठन, विधान मस्यौदा समिति गठन गरी आवश्यकता अनुसार कार्य विभाजन गर्ने ।
(३) तदर्थ समितिको बैठक संचालनः
(क) बैठकका विषयवस्तुहरु तय गरी तदर्थ समितिका सदस्यहरुलाई जानकारी दिने,
(ख) सम्बन्धित निकायहरुलाई निमन्त्रणा गर्ने,
(ग) आवश्यक कागजात तयार गर्ने,
(घ) समूहको विधानको खाका तयार पार्ने,
(ङ) समूह हितकोष सम्बन्ध निर्णय गर्ने,
(च) समूहको उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने,
(छ) सम्बन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी दिने,
(ज) तदर्थ समिति गठन भएको एक महिनाभित्र प्रारम्भिक साधारण सभाको आयोजना गर्ने ।
(४) प्रारम्भिक साधारण सभाको संचालन र जिम्मेवारी :
(क) ९ सदस्यीय कार्य समितिको गठन गर्ने,
(ख) समूहको वार्षिक कार्य योजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने,
(ग) विधान मस्यौदा माथि छलफल गरी आवश्यकताअनुसार परिमार्जन गरी स्विकृत गर्ने,
(घ) बैंक खाता संचालन सम्बन्धी निर्णय गर्ने,
(ङ) आवश्यकता अनुसार अन्य निर्णय गर्ने ।
९. कार्य समितिको गठन :
(१) पोषण समितिको कार्यसमितिमा ९ सदस्यीय देहाय बमोजिमको एक कार्य समिति रहने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष | - १ जना |
| (ख) उपाध्यक्ष | - १ जना |
| (ग) सचिव | - १ जना |
| (घ) कोषाध्यक्ष | - १ जना |
| (ङ) सदस्य | - ५ जना |

(२) आवश्यकता अनुसार देहाय बमोजिमका उप समितिको गठन गर्न सकिने छ:
(क) समूहले निश्चित व्यक्तिलाई संयोजक तोकेर ऋण उपसमिति, आर्थिक उपसमिति, प्राविधिक उपसमिति लगायत आवश्यकता अनुसारका अन्य उप समितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सकिनेछ,
(ख) कोषाध्यक्षको संयोजकत्वमा ऋण उप समिति गठन गर्नुपर्ने छ,
१०. पदाधिकारीको काम, कर्तव्य र अधिकार : पोषण समूहको कार्य समितिका पदाधिकारीहरुको काम कर्तब्य र अधिकार समूहको विधान बमोजिम हुनेछ ।

## परिच्छेद-४
## समूहको विधान

११. समूह विधान:-(१) पोषण समूहको एक विधान हुनेछ ।
(२) उपदफा (१) बमोजिमको विधान नेपालको पोषण नीतिसंग मेल खाने,नेपालको संविधान र प्रचलित नेपालको कानूनसँग नबाझिने हुनुपर्नेछ ।

(३) पोषण समूहले अनुसूचीमा उल्लेख भए बमोजिमको विधान बनाउनुपर्दछ।
(४) पोषण समूहले उक्त विधानलाई साधारण सभाबाट बहुमतले पारित गराई सम्बन्धित निकायमा दर्ता गराउनु पर्नेछ।

## परिच्छेद-५
## पोषण समुह दर्ता, पूनर्गठन तथा नवीकरण

१२. पोषण समुह दर्ता, पूनर्गठन तथा नवीकरण: (१) पोषण समूहको दर्ता स्वास्थ्य तथा सरसफाइ शाखाले गर्नुपर्नेछ।
(२) पोषण समूहको दर्ताको लागि निवेदन पेश गर्नुपर्नेछ।
(३) स्वास्थ्य तथा सरसफाइ शाखाले पोषण समुह दर्ताको लागि राजश्व लिएर दर्ता गर्नुसकिनेछ।
(४) आवश्यक प्रक्रिया पुरा गरी निवेदन दर्ता गर्न आउने समूहलाई स्वास्थ्य तथा सरसफाई शाखाले समूह दर्ता गरी प्रमाण-पत्र दिन सक्नेछ।
(५) यसरी दर्ता गरिएको पोषण समूहको अवधि तीन वर्ष हुनेछ।
(६) समूहमा सदस्य रहेको सदस्यहरुको विवरण हेरफेर भएमा समूहले पुन: तयार गरी नियमित रूपले सच्याउनु पर्नेछ।
(७) समूह दर्ता गर्ने प्रयोजनको लागि समूह भित्रको कार्यसमितिका सबै सदस्यहरुको नागरकिताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
१३. पोषण समूह पुनर्गठन:- (१) विधानमा उल्लेख भए बमोजिम पोषण समूहले आफ्नो आवश्यकताको आधारमा समूह पुनर्गठन गर्न सकिनेछ।
(२) पोषण समूहको साधारण सभा वर्षको एकपटक भाद्र मसान्त भित्र गरिसक्नु पर्नेछ
(३) पोषण समूहले आफनो समूहको साधारण सभा पूनर्गठन गरी स्वास्थ्य तथा सरसफाइ शाखालाई जानकारी दिनु पर्नेछ।

**१४. पोषण समूह नवीकरण :**

(१) पोषण समूहले आफनो समूह दर्ता प्रमाण पत्रको तीन वर्ष अवधि पूरा भैसकेपछि नवीकरण गर्नु पर्नेछ।
(२) पोषण समूह नवीकरणको लागि समूहले प्राप्त गरेको पोषण समूह दर्ता प्रमाण पत्र सहितको निवेदन स्वास्थ्य तथा सरसफाइ शाखामा म्याद सकिएको ३५ दिन भित्र पेश गर्नु पर्नेछ।
(३) नवीकरणको लागि आर्थिक ऐनमा तोकिएबमोजिम राजश्व लिई नवीकरण गर्न सकिनेछ।
(४) म्याद सकिएपछि नवीकरण गरेमा थप १०% राजश्वशुल्क लाग्नेछ।

## परिच्छेद-६
## समूह श्रोत/ हितकोष संकलन तथा परिचालन

१५. श्रोत/ हितकोष परिचालन : (१) समूहमा संकलन भएको रकम नजिकको बैंकमा खाता खोली समूह अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सो खाताको संचालन गर्नु पर्नेछ।
(२) समूहले गरेको कूल लगानीमध्ये कम्तीमा ५० प्रतिशत लगानी स्वास्थ्य तथा पोषणको क्षेत्रमा गर्नुपर्नेछ।
(३) ऋण प्रवाह गर्दा लाग्ने व्याज दर साधारण सभाले निर्धारण गर्नेछ।
(४) पोषण समूहले उक्त समूहको सदस्य नरहेको व्यक्तिलाई लगानी गर्न पाउने छैन।
(५) पोषण समूहको सदस्यबाट ऋण माग भएमा तमसुक बनाई समूहले ऋण उपलब्ध गराउन सकिनेछ।
(६) पोषण समूहले मासिक हितकोष संकलन विवरण, समूहको लगानी विवरण र समूहको ऋण असुली विवरण अद्यावधिक गर्नुपर्नेछ।

## परिच्छेद-७
## समूहमा लेखा व्यवस्थापन

१६. समूहमा लेखा व्यवस्थापन : (१) समूह संचालनको निम्ति आर्थिक तथा व्यावसायिक कारोबारमा सम्पति खाता, सामान विक्रि तथा आम्दानी खाता, सामान खरिद तथा खर्च खाता र दायित्व खाता राखेर सरल तरिकाले लेखा व्यवस्थापन गर्नुपर्नेछ।
(क) सम्पति (नगद तथा जिन्सी) खाताः सम्पति खातामा पोषण समूहहरुको स्वमित्वमा रहेको धनमाल, जायजेथा, सम्पति लगायत लगानी रकम, नगद, तथा बैक मौज्दात, ऋण दिएको रकम, अरुबाट पाउनुपर्ने हिसाब, मेसिन, फर्निचर, घर जग्गा, सवारी साधन आदि समावेश गर्नुपर्ने छ।
(ख) सामान बिक्री तथा आम्दानी खाताः यस खातामा पोषण समूहहरुको सरसामान र सेवा बिक्रिबाट प्राप्त रकमलगायत लगानी तथा ऋणबाट प्राप्त व्याज आम्दानी, व्याज छुट सुविधा, सरकारी तथा गैरसरकारी संघसंस्था तथा अन्य निकायबाट प्राप्त अनुदान, सदस्यता वा प्रदेश शुल्क, स्थिर सम्पति भाडामा दिए बापत प्राप्त रकम, हर्जना वापत प्राप्त रकम आदि आम्दानीमा समावेश गर्नु पर्नेछ।
(३) सामान खरिद तथा खर्च खाता : यस खातामा पोषण समूहहरुले खरिद गर्ने सरसामान र सो को ढुवानीमा लाग्ने ज्याला तथा खर्च लगायत कार्यालय संचालन खर्चहरु तलब, भत्ता, मर्मत, घर भाडा, धारापानी, विजुली, व्याज खर्च, ह्रासकट्टी रकम, बैक भत्ता, विविध आदि खर्चहरु समावेश गर्नुपर्नेछ।
(४) दायित्व खाता : पोषण समूहहरुले अरुलाई बुझाउनु पर्ने सबै प्रकारको हिसाब रकम यस खातामा चढाउनु पर्दछ। यसमा सदस्यहरुको शेयर पूँजी बचत रकम, जम्मा गरेको रकम, धरौटि रकम, ऋण रकम, कसैलाई भुक्तानी दिनुपर्ने हिसाव लगायतका अन्य दायित्वहरु समावेश गर्नु पर्नेछ।
(५) खर्च (डेविट), आम्दानी (क्रेडिट) र शेष (मौज्दात) गरी तीनवटा महलहरु समावेश गर्नु गर्नुपर्नेछ।
(६) सम्पति खाता : नगद तथा जिन्सी खाता आम्दानी खाता, खर्च खाता र दायित्व खाता बनाउनु पर्नेछ।
(७) पोषण समूहले आवश्यकता अनुसार अन्य सहायक खाताहरु प्रयोग गर्न सकिनेछ।

## परिच्छेद-८
## समूह संचालन / परिचालन

१७. समूह संचालन / परिचालन :-(१) समूहको समस्या एवं आवश्यकताको पहिचान तथा प्राथामिकता ,स्वास्थ्य तथा सरसफाइ शाखाको परिधि एवं क्षमता भन्दा भित्र र बाहिर रहेका समस्याहरुको समाधान गर्न उपलब्ध श्रोत साधन समूह सदस्यहरुको क्षमता एवं प्रविधिको आधारमा प्राथमिकता तोकी सरल एवं कम खर्चिलो तवरले समाधान खोज्नुपर्नेछ।
(२) नियमहरुको विकासः आफ्नो पदाधिकारीहरुको चयन विधि र तिनको कार्य अवधि समावेश गरी आफ्नो उदेश्यहरु पुरा गर्न हरेक समुहले आफ्नो नियमहरु बनाउनुपर्नेछ।
(३) आयमूलक क्रियाकलापहरु : सबै समूह सदस्यहरुले, व्यक्तिगत एवं समूहगत रुपमा उपलब्ध श्रोत र साधन अनुसार आफनो इच्छानुकूल एउटा वा त्यो भन्दा बढि आयमूलक क्रियाकलापको थालनी गर्नुपर्नेछ।
(४) पुरस्कारको व्यवस्था : प्रत्येक वर्ष सहमतिका आधारमा छानिएको सबैभन्दा राम्रो काम गर्ने सदस्यलाई समावेशी सिद्धान्तको आधारमा आफ्नै श्रोत, हितकोषबाट पुरस्कार दिने व्यवस्था मिलाउन सकिनेछ।
(५) सामाजिक सेवा तथा आयमूलक कार्यमा सहयोग आदन प्रदान गर्न सकिने विभिन्न सरोकारवाला निकाय वा व्यक्तिहरुबाट सामाजिक सेवा तथा आयमूलक कार्यका लागि सहयोग माग वा आवश्यकता महसुस भएमा अर्कोसंग नबाँझिने गरी आवश्यकताअनुसार सामाजिक गतिविधि तथा आयमूलक कार्यहरुमा एक आपसमा सहयोग आदानप्रदान गर्न सकिनेछ।

(६) समूह सदस्यहरुका लागि सिप तथा क्षमता विकास : (क) तालिम मार्फत समूह सदस्यहरुको आत्मविश्वास बढाउन सदस्यहरुको सिप तथा क्षमता विकास र इच्छाको अभिवृद्दि गर्न प्रभावकारी, कुशल एवं दीगो रुपमा समूहलाई गतिशिल बनाई समूहको उदेश्य हासिल गर्न समूह सदस्य र पदाधिकारीहरुलाई सम्बन्धित निकायहरुसँग समन्वय समयसापेक्ष र व्यवहारिक तालिमको लागि पहल गर्नुपर्नेछ। (ख) सहकार्य गर्न नसकेको अवस्थामा पोषण समूह स्वंयले व्यवस्थापन गर्नुपर्नेछ।

(७) सुपरीवेक्षण, अनुगमन र मूल्यांकन गर्न प्रत्येक वर्ष समूहले संञ्चालन गरेको विभिन्न क्रियाकलापहरुको अनुगमन, सुपरीवेक्षण र मूल्यांकन गर्न तीन सदस्य उप समिति बनाउन सकिने छ।

## परिच्छेद - ९

## समूहमा मतभेद व्यवस्थापन

१८. मतभेद व्यवस्थापनको प्रक्रिया : (१) समूह परिचालनको सम्बन्धमा उब्जिएका हरेक मतभेदहरुको निरुपण स्वास्थ्य चौकीबाट हुनेछ। स्वास्थ्य चौकीमा गरेको निरुपणसँग असहमत हुने पक्षले स्वास्थ्य तथा सरसफाइ शाखामा पुनरावेदन गर्न सकिनेछन।

(३) स्वास्थ्य तथा सरसफाइ शाखाले गरेको निरुपणसँग असहमत हुने पक्षले गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिम गठित ३ सदस्यीय मतभेद व्यवस्थापन समिति समक्ष पुनरावेदन गर्न सकिनेछ।

(क) उपाध्यक्ष

(ख) प्रतिनिधि स्वास्थ्य तथा सरसफाइ शाखा प्रमुख

(ग) आर्थिक विकास समिति प्रमुख प्राविधिक -सदस्य सचिव

(४) पोषण समूहमा भएको मतभेदको निरुपण प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद १०

## पोषण समूहमा योजना तर्जुमा र श्रोत साधनको विकास

१९. योजना तर्जुमा प्रक्रिया : (१) पोषण समूहले पोषण कार्यक्रमको योजना तर्जुमा प्रक्रियालाई देहायका आधारमा आयोजना निर्माण गरी योजना तर्जुमा गर्नु पर्नेछ।

(क) आयोजनाको नाम

(ख) पृष्ठभूमि आयोजनाको आधारभूत तथ्यांक संभावना, अवसर र चुनौति

(ग) आयोजनाको उदेश्य

(घ) आयोजनाको प्रतिफल

(ङ) आयोजना संञ्चालन गरिने क्षेत्र

(च) आयोजनाको अवधि

(छ) आयोजनाको कृयाकलापहरु

(ज) लाभान्वित परिवार संख्या प्रत्यक्ष तथा अप्रत्यक्ष न्यून आय वर्ग दलित जनजाति आदि,

(झ) आवश्यक कारक तत्वहरु

(ञ) आर्थिक सारांश

(ट) आयोजनाको किसिम: समूहको आफनै लगानी, साझेदारीमा संचालित

(ठ) आयोजना कार्यान्वयन व्यवस्थापन अनुगमन मूल्याङ्गन प्रकृया

(ड) आयोजनाको दीगोपनाको लागि गरिने कार्य विवरण

(ढ) आयोजनाबाट हुने वातावरणीय प्रभाव।

(२) पोषण समूहले बार्षिक कार्य योजना तयार गर्नुपर्नेछ।

२०. स्थानिय श्रोत साधनको विकास र सञ्चालन : (१) समूहले आत्मानिर्भरता हुन र उत्पादनको प्रतिइकाइ खर्च पनि घटाउनका लागि समूहले स्थानीय श्रोत साधनको विकास र संचालनमा उचित ध्यान दिनु पर्नेछ।

## परिच्छेद- ११
## सरोकारवाला निकायको भूमिका एवं उत्तरदायित्व

२१. स्वास्थ्य तथा सरसफाइ शाखा : (१)पोषण समूह गठन तथा व्यवस्थापनमा स्वास्थ्य तथा सरसफाइ शाखा प्रमुख एवं स्वास्थ्य प्राविधिक कर्मचारीहरूको देहायको भूमिका र उत्तरदायित्व हुनेछ:

(क) स्वास्थ्य तथा सरसफाइ शाखा प्रमुख तथा स्वास्थ्य प्राविधिकले पोषण समूहको कृयाकलाप, कार्यक्रम तथा श्रोत साधनबारे जानकारी लिनुपर्ने,

(ख) वडा कार्यालय मातहत कार्य गर्ने सबै प्राविधिक कर्मचारीहरुको सम्पूर्ण कार्यको अद्यावधिक रेकर्ड राख्नुपर्ने,

(ग) पोषण समूहको हालको संख्या, तिनको विकासको विभिन्न तह (गठन, संञ्चालन तथा परिपक्व) को आंकडा स्वास्थ्य चौकीको रेकर्डबाट परिमार्जन गर्नुपर्ने,

(घ) विषय विशेषज्ञसहितको टोली गठन गरि समुह बैठकमा भाग लिने समूह सदस्यहरुको तालिम सञ्चालन गर्ने र समूह सदस्यहरुले संञ्चालन गरेको,

(ड) कार्यक्रमहरुको सुपरीवेक्षण एवं अनुगमन गर्ने कामको कार्यतालिका बनाई सोही अनुसार परिचालन गर्ने गर्नुपर्ने,

(च) समूहका सदस्यहरुलाई समस्या पहिचान गर्न र तिनको समाधान गर्न सहयोग पुर्याउने तथा फिल्डमा कार्यरतलाई समेत तालिम दिनु पर्ने,

(च) पोषण समूहहरुको अपेक्षा र माग समयसापेक्ष सेवा प्रदान गर्न सक्ने खालको हुनुपर्ने र सो अनुसार योजना तथा बजेट तर्जुमा गर्न पहल गर्नुपर्ने भूमिका हुनुपर्नेछ।

(छ) आफ्नो कार्यक्षेत्रको विद्यमान पोषण अवस्थाको आधारभूत आँकडाहरु संकलन गर्ने,

(ज) पोषण समूहहरुको समस्या पहिचान गर्न, आफ्नो क्षमता, चाहना र श्रोत अनुसार तिनको समाधान गर्न सघाउँदा पथ प्रदर्शक तालिमकर्ता, गति प्रदान गर्ने समन्वयकर्ता तथा कार्यक्रम कार्यान्वयनको रुपमा काम गर्ने।

(झ) समूहको कृयाकलाप र प्रगति अद्यावधिक अभिलेख एउटा फाराममा उल्लेख गरी राख्नु पर्ने,

(ञ) समूहमा महिलाहरुको समस्या पहिचान प्राथमिकीकरण एवं समस्या समाधानका लागि सहयोग गर्नुपर्ने,

(ट) गतिशील समूहहरुलाई आफ्ना मौसमी एवं वार्षिक कार्यक्रम कार्यान्वयन तालिका बनाउन सहयोग गर्नुपर्ने

(ठ) समूहहरुलाई चाहिने सामग्रीहरु, ऋण र प्राविधिक सेवा तथा सहयोगको सूची तयार पार्न मद्दत गर्नुपर्ने,

(ड) पोषण समूह विवरण अद्यावधिक गर्दै जानुपर्ने,

(ढ) समूहको निर्णय एवं कार्यहरु संकलन गर्न प्रतिवेदन फारामहरु भर्नु पर्नेछ।

## परिच्छेद- १२
## सुपरीवेक्षण, अनुगमन एवं मूल्याङ्कन

२२. सुपरीवेक्षण अनुगमन एवं मूल्यांकन : (१)नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग र मातहतका निकायहरु तथा प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनाल एवं मातहतका निकाय र गाउँपालिकाले पोषण समूहको सुपरीवेक्षण, अनुगमन एवं मूल्यांकन जुनसुकै समयमा गर्न सकिनेछ।

## परिच्छेद- १३
## विविध

२३. प्रगति प्रतिवेदन पेश गर्नुपर्ने :(१) पोषण समूहले आफूले गरेको मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिवेदन तयार गरी सेवा क्षेत्रभित्रका स्वास्थ्य चौकीमा प्रत्येक महिनाको १ गते भित्र उपलब्ध गराउनु पर्नेछ।
(२) प्रगति प्रतिवेदन सम्बन्धित स्वास्थ्य चौकीले **HMIS** संगै स्वास्थ्य तथा सरसफाइ शाखामा पठाउनु पर्नेछ।
(३) पोषण समुहलाई अन्य कुनै निकायबाट प्राविधिक तथा अन्य सहयोग प्राप्त भएको अवस्थामा उक्त सहयोगी निकायलाई स्थानीय तहले आवश्यक प्रगति विवरण तोकिएको समयमा पठाउनुपर्नेछ।
२४. सम्बन्ध र समन्वय : स्वास्थ्य तथा  सरसफाइ र पोषण क्षेत्रसंग सम्बन्धित सरोकारवाला महिला समुह,व्यवसायी व्यक्ति र निकायहरुबिच आपसी सम्बन्ध र समन्वय राखी पोषण विकासमा गतिशील एवं सकारात्मक सहयोग पुर्याउन देहायका निर्णायक एवं अहं भूमिका खेल्नू पर्नेछ :-
(क) पोषण समूह गठन तथा व्यवस्थापनका लागि गाउँपालिकामा समन्वय गर्ने,
(ख) स्वास्थ्य शाखाले पोषण समूहका सदस्यलाई आवश्यक पर्ने विभिन्न सामाग्री उपलब्ध गराउन पहल गर्नुपर्ने निकायहरु र साथै सरोकारवाला अन्य संस्थाहरुसँग सम्पर्क स्थापित गर्ने,
(ग) पोषण समूहले उत्पादन गरेका पोषणसंग सम्बन्धित विभिन्न सामाग्री बिक्री वितरणका लागि प्रसोधनकर्ता व्यवसायीसँग नियमित सम्बन्ध कायम गरी बजार व्यवस्था मिलाउने,
(घ) स्थानीय राजनितिज्ञ तथा निर्वाचित जनप्रतिनिधिहरुसँग राम्रो सम्बन्ध र समन्वय राखी पोषण समुहले माग र सम्भावना अनुसार स्थानीय श्रोतबाट योजना तथा बजेट तर्जुमा गर्न पहल गर्ने,
(ङ) पोषण समूहलाई आवश्यक श्रोत, सामग्री र प्राविधिक सहयोग प्राप्त गर्न जिल्ला समन्वय समिति, प्रदेश सरकारका निकाय, केन्द्रीय सरकारका निकाय तथा स्थानीय राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैह सरकारी संस्थाहरुसँग आवश्यकता अनुसार सम्पर्क राख्ने।
(च) यसको अलावा कार्यक्षेत्रमा रहेका बुद्धिजिवी, सरकारी कार्यालय गाउँपालिकाका पदाधिकारी, शिक्षक, व्यापारी व्यवसायी एवं सहकारी संस्थाका सदस्यहरुसँग आवशयकता अनुसार सम्बन्ध र समन्वय राख्ने।
२५ समूह गठनको लागि खर्च सम्बन्धमा : नयाँ पोषण समूह गठनको लागि आवश्यकता अनुसार स्टेशनरी र खाजा खर्च गाउँपालिकाबाट व्यवस्था हुनेछ भने, समूहको अन्य खर्च जस्ता नियमित बैठक, साधारण सभा आदि लगायतमा लाग्ने खर्चहरु समूहले आफ्नो श्रोतबाट व्यहोर्नु पर्नेछ।
२६. पोषण समुहको आबद्धताः पोषण ज्ञान तथा सिपको माध्यमद्वारा पोषण क्षेत्रमा योगदान पुर्याउने उद्देश्यले सम्बन्धित सरकारी कार्यालयमा दर्ता भएका अन्य कृषक समूहहरु एवं कृषि सहकारीहरु गाउँपालिका, जिल्ला, प्रादेशिक र संघीय तहमा रहेका स्वास्थ्य आमा समूह सन्जालमा आबद्ध हुन सकिनेछ।
२७. पोषण समुहको सहकारीकरण : (१)पोषण समुहलाई बढी सक्रिय, प्रभावकारी, दिगो र उन्नतीमा योगदान गर्न सक्ने बनाउनको निम्ति सो क्षेत्रमा केही कार्य अनुभव भएको समूहले चाहेमा सहकारीमा परिणत गर्न सकिनेछ।
(२) पोषण समूहलाई सहकारी संस्थामा परिणत गर्दा देहायका आधार पूरा भएका संस्थालाई सहकारीमा परिणत गर्न सकिनेछ।
(क) पोषण समूहको रुपमा ३ बर्षको अनुभव भएको,
(ख) पर्याप्त बचत संकलन एवं संञ्चालन भएको,
(ग) व्यवसायिक क्रियाकलापहरु संञ्चालन गर्न सक्षम भएको,
(घ) सहकारी ऐन अनुसार तोकिएको मापदण्ड पुरा भएको,
(३) समूहको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति उक्त समूह भंग भएर बनेको सहकारी दर्ता भएपछि सो सहकारीको नाममा स्वतः हुनेछ।
२८. अमान्य हुने : माथि जुनसुकै कुरा लेखिएको भएता पनि नेपालको प्रचलित मूल कानुनसँग बाझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछन्।

## अनुसूचि – १

…………………………………. पोषण समूह संचालन गर्न बनेको विनियम २०.

प्रस्तावना

गर्भवती, सुत्केरी, पांच वर्ष मुनिका बालबालिका, किशोरकिशोरी लगायतका अन्य समुहहरुमा पोषणको ठुलो महत्व रहेको छ। विशेषत: यिनै समुह मध्येबाटै नेतृत्व हुने गरी उहाँहरुकै सहभागितामा स्थानीय स्तरमा नै पोषणसम्बन्धी विषयहरुमाथि समुहमा छलफल गर्न, एकआपसको अनुभव आदान प्रदान गरी उचित व्यवहारहरु अपनाउन, समग्र पोषणसम्बन्धी आईपर्ने अप्ठ्याराहरु समाधान गरी खाद्यमा आधारित पोषणको माध्यमबाट मातृ, नवजात शिशु, गर्भवती, बालबालिका, किशोरकिशोरीहरुको खाद्य

र पोषण सुरक्षा सुधार गर्ने उद्देश्यले पोषण समूहको परिकल्पना गरिएको हो। यी कार्य गर्नको लागि स्थानीय महिलाहरु माझ छलफल तथा समन्वय गरी महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सहयोग र सहजीकरणमा टेवा पुऱ्याउन यस समूहले ठुलो भुमिका खेल्नेछ। उक्त तथ्यलाई दृष्टिगत गरी समूहको बैठकलाई अझै नियमित र प्रभावकारी बनाउन र खाद्यमा आधारित पोषण लाई प्रवर्दन गर्दै सुनौलो हजार दिने परिवारको पोषण अवस्थालाई सुधार गर्न नेपाल सरकारको पहलमा विभिन्न कार्यक्रम एवं परियोजना संचालन भैरहेको छ। त्यसै उद्देश्यले यस गाँउपालिकाको स्वास्थ्य तथा सरसफाइ शाखा, कृषि तथा पशु शाखा, अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग अन्तरसम्बन्ध कायम गर्दै सुनौलो हजार दिने परिवार र गाउँ गाउँसम्म पोषण सम्बन्धि जनचेतना फैलाउन र खाद्यमा आधारित पोषणलाई प्रवर्द्धन गराउनका लागि डोल्पा जिल्ला डोल्पो बुद्ध गाउँपालिका वडा नं……. भित्रका महिलाहरुको सक्रियतामा पोषण समूह स्थापना र संचालन गर्न यो विधान निर्माण गरिएको छ।

### १. प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भ

क) यस विधान यस समूहको नाम "श्री. …………………………………. पोषण समूह विधान २० …… रहनेछ।

ख) यो विधान डोल्पो बुद्ध गाउँपालिकाको स्वास्थ्य शाखा डोल्पामा दर्ता प्रमाणित भएपछि तुरुन्त लागू हुनेछ।

२). परिभाषा : विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यो विधानमा

क) पोषण समूह भन्नाले यस विधानमा उल्लेखित" महिलाहरुको पोषण अवस्था सुधार गर्न हजार दिन भित्रको (गर्भवती, सुत्केरी र स्तनपान गराईरहेका २ वर्ष मुनीका बालबच्चा भएका परिवारका कम्तिमा १५-२५ जना ईच्छुक महिला तथा आमाहरुको समूहलाई जनाउनेछ।

ख) सदस्य भन्नाले श्री …………….पोषण समूहको उद्देश्य अनुसार पोषण अवस्था सुधार गर्न विधानको दफा (३ वमोजिम सदस्यता लिएको हजार दिन भित्रको महिलालाई जनाउँदछ।

ग) कार्य समिति भन्नाले "विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्य पदाधिकारीहरुलाई जनाउने छ।

घ) साधारण सभा भन्नाले यस विधानको दफा (४) बमोजिम गठित सभालाई जनाउनेछ।

(३) समूहको छाप गोलो घेराभित्र यस समूहको नाम* श्री ……………………… पोषण समूह २० … पढन सकिनेछ।

**(४) समूहको कार्यालय :** यस समूहको कार्यालय डोल्पा जिल्ला डोल्पो बुद्ध गाउँपालिका वडा नं. मा रहनेछ।

**(५.) समूहको दर्ता :**

पोषण समूह डोल्पो बुद्ध गाउँपालिका, गाउँ कार्यपालिकाको स्वास्थ्य तथा सरसफाइ शाखामा दर्ता गर्नुपर्ने छ।

**२. उद्देश्य र कार्य**

(१) उद्देश्य : सदस्यहरुको सामाजिक, आर्थिक, पोषणजन्य व्यावसायिक हितलाई ध्यानमा राखी देहायका उल्लेखित समूहको उद्देश्य हुनेछ।

क पोषणको दृष्टिकोले महत्वपुर्ण मानिएको हजार दिन अवधी भित्रका महिला तथा बालबालिका एवम किशोर किशोरीहरुको पोषण अवस्था सुधार गर्न विभिन्न क्रियाकलापहरु गर्ने

ख. सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने।

ग. सदस्यहरुमा स्वावलम्वनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना सिर्जना

(२) समूहको बिधानको दफा २ उपदफा (१) बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहायबमोजिम कार्यहरु गर्नेछ।

(क) आमाहरू वा अभिभावकहरूले मातृ, शिशु तथा बालबालिका र परिवारको पोषणका लागि प्राप्त गरेका अनुभव, ज्ञान तथा सीपको प्रवर्द्धन गर्ने,

(ख) समूहलाई संगठित गरी निरन्तरता दिने,

(ग) समितिको निरन्तरता र प्राविधिक सर सल्लाहको लागि खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई, कृषि विकास कार्यालय, आर्थिक विकास ( कृषि, पशु) शाखा,स्वास्थ्य तथा सरसफाइ शाखा, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयं सेविका लगायत समूहको उदेश्यसंग सम्बन्धित निकाय गै.स.स.हरुसंग सम्पर्क राख्ने,

(घ) समितिले सीपमुलक व्यवसाय संचालन गर्नको लागि र आपत, दुर्घटना परेका व्यक्तिलाई हित कोषको रकमवाट सहयोग गर्ने छ,

(ङ) साना अनुदान मार्फत विभिन्न कार्यक्रमको आयोजना गरेर पोषण सुरक्षा सुधारमा टेवा पुर्याउने,

(च) खाद्य तथा पोषण सुरक्षा सुधारमा जनचेतनाका विभिन्न कार्यक्रमहरु संचालन गरि समुदाय र घरस्तरमा पोषण व्यवहार परिवर्तन गर्नको लागि सहयोग पुर्याउने,

(छ) घरबारी पोषण बगैचा स्थापना गरि घरायसीस्तरमा पोषक तत्वयुक्त विविध तरकारी, फलफुलमा पहुँच तथा नियमित उपलब्धतामा सहयोग गर्ने,

(ज) गर्भवती तथा सुत्केरी अवस्थामा खाद्य विविधीकरण र पौष्टिक खाद्य पदार्थको उपभोग बृद्दि गर्नको लागि भूमिका खेल्ने ,

(झ) पोषण पाठशालाको स्थापना गरि नियमित रुपमा सत्रहरु संचालन गरेर मातृ, शिशु तथा बालबालिका र परिवारको राम्रो पोषणका लागि स्थानीय स्तरमा उपलब्ध हुने पोषिला खाद्यान्नबारे जानकारी दिनका साथै त्यस्ता खाद्यान्नहरू दैनिक तथा नियमित रुपमा आ-आफ्नो परिवारका खानामा सलग्न गराउन प्रोत्साह गर्ने ,

(ञ) संकलित वचत र हितकोषको प्रभावकारी परिचालन गर्ने ,

(ट) समूहका सदस्यहरुलाई आवश्यक ऋण उपलब्ध गराउने ,

(ठ) सदस्यहरुमा उत्पादनशील आयमूलक एवं सीपमूलक कार्य गर्नको लागि सदस्यहरुलाई सुलभ व्याजदरमा ऋण प्रदान गर्ने.

(ड) आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय संघ र संस्थाहरुसँग सहयोगात्मक भावना राख्ने,

(ढ) कृषिसँग सम्बन्धित अन्य कृषक समूह, सहकारी, वित्तिय संघ संस्थासँग कायम गरी जानकारी एवं सूचना आदानप्रदान गर्ने,

(ण) कृषिसंग सम्बन्धित कृषकहरुद्वारा उठाईएका समस्याहरु डोल्पो बुद्ध गाउँपालिकाको कृषि विकास शाखा, कृषि अनुसन्धान केन्द्र तथा अन्य निकायहरुलाई सूचना सम्पर्कद्वारा जानकारी उपलब्ध गराई समाधान निकाल्ने प्रयास गर्ने,

(त) माथि उल्लेखित उद्देश्यहरु पुरा गर्न अन्य कार्यहरु गर्ने।

**३. सदस्यता :**

क) एकै उद्देश्य एवं समान आर्थिक अवस्था भएको तथा यस समूह विधानको परिधिभित्र रहने ईच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ।

ख) सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूहका सदस्यहरुको लिखित सिफारिस निवेदन दिनुपर्नेछ।

(१) सदस्यताको लागि योग्यताः

(क) डोल्पो बुद्ध गाउँपालिका वडा नं. ..... स्थायी रुपमा बसोबास गरेको

(ख) किशोरी, २ वर्ष माथीका बालबच्चा भएका आमाहरु हुनपर्ने

(ग) हजार दिन भित्रको (गर्भवती, सुत्केरी र स्तनपान गराईरहेका २ वर्ष मुनीका बालबच्चा भएका परिवारका आमाहरु) अवधि भएको हुनुपर्ने

(घ) समूहको उदेश्य अनुसारको काम गर्ने।

(ङ) समूहको विधानलाई विना शर्त स्वीकार गर्ने यस समूहको सदस्य बन्न सक्ने छ।

(च) राजनितीक रुपमा निर्वाचित भएको, मानसिक स्थिति ठीक नभएको, फौजदारी कृयाकलापमा संलग्न भएको र समुहको नियम विपरित काम गर्ने कुनै पनि महिला तथा पुरुष यस समुहको सदस्यता प्राप्त गर्न वञ्चित रहने छ।

(२) साधारण सदस्य :

(क) सदस्यता शुल्क रु...... तिरी साधारण सदस्यताको निवेदन दिइ कार्य समिति निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्ने छ। यस्तो सदस्यले माषिक वचत रु .....प्रत्येक महिना जम्मा गर्नेछ।

(ख) समूह गठन भइसकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आबद्ध प्रति सदस्य बराबर उक्त मितिसम्म संचित हितकोष र साविक व्याज साथै नियमानुसारका अन्य शुल्क बुझाइ सदस्यता प्राप्त गर्न सक्ने छ।

**४. साधारणसभा तथा कार्य समिति**

**(१) साधारण सभाः**

(क) यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभा सदस्य हुनेछ। जुन समूहको उच्चतम निकाय हुनेछ।

(ख) यसले विधान पारित एव संसोधन गर्न सक्ने छ।

(ग) साधारण सभा वर्षमा कम्तिमा एक पटक बस्तु पर्नेछ।

(घ) आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिनेछ।

(२) साधारण सभा र अधिवेशन : कार्य समितिले ताकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिइ लिखित सूचनाद्वारा सम्पूर्ण सदस्यलाइ साधारण सभाको स्थान, समय, मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ।

(३) साधारण सभाको काम, कर्तव्य र अधिकार :

(क) विधान संसोधन गर्ने।

(ख) कार्य समितिको निर्वाचन कार्य तथा गठन गर्ने।

ग) वार्षिक बजेटको अनुमोदन गर्ने।

घ) आवश्यक नीति निर्देशन तय गर्न कार्य समितिको मूल्याङ्कन गर्ने।

ङ) समूहको वार्षिक कार्ययोजना बनाउने।

च) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

छ) कार्यसमितिको साधारण सभाका सदस्यद्वारा प्रस्तावित कुनै पनि कार्यहरुको योजनामाथि निर्णय दिने।

ज) समूहले कार्य योजना बनाउँदा ६० प्रतिशत पोषण कार्यक्रम बनाउने।

(४) साधारण सभाको गणपूरक संख्या :

(क) समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितीमा हुनेछ।

(ख) पहिलो पटक सभा बोलाउदा गणपुरक संख्या नपुगेमा ३ दिन भित्र अर्को सभा बोलाउनुपर्नेछ।

(ग) यसमा साधारण सदस्यको २५ प्रतिशत उपस्थिती भएमा पनि यो सभाको बैठक बस्नेछ।
(५) कार्य समिति गठन विधि :
क) कार्य समितिमा कम्तिमा ७ देखि बढीमा ११ जनाको सम्मको सदस्य रहनेछन् ।
ख) कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यहरु रहनेछन् ।
ग) कार्य समितिको पदाधिकारीहरुको बैठक हरेक महिनाको .......गते हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि आकस्मिक बैठक बस्न सकिनेछ ।
घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि .... वर्ष हुनेछ ।
ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्यहरु मध्येबाट कसैलाई कार्य समितिको पदमा कार्य समितिको बहुमतबाट चुनिनेछ ।
च) कार्यसमितिको कोरम दुईतिहाईलाई मानिनेछ साथै निर्णय बहुमतबाट हुनेछ ।
(६) कार्य समितिका काम, कर्तव्य र अधिकार :
(क) विधानको परिधि भित्र रही समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको नीति निर्देशनलाई पालना गर्ने,
(ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु सञ्चालन गर्ने,
(ग) गाउँपालिकाको वडा कार्यालय, सरकारी तथा गैह्सरकारी संस्थाहरुसंग सम्पर्क गरी बढीभन्दा बढी सहयोग प्राप्त गर्ने,
(घ) समूहको कार्य योजना बनाई लागु गर्ने,
(ङ) समूहको वार्षिक प्रतिबेदन बनाउने ।
(७) समूहको बैठक :
(क) समूहको बैठक प्रत्येक महिनाको ... गते बस्नेछ ।
(ख) समूह बैठक अरु कार्य समितिले निर्धारण गरेको ठाँउ मिति र समयमा नियमित रुपमा बस्नेछ ।
५. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :
**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार**
क) साधारण सभा र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने,
ख) साधारण सभा तथा कार्य समिति समेतद्धारा पारित निर्णयहरुको पालना गर्ने गराउने,
ग) समूहद्वारा संचालित सम्पूर्ण कार्यको रेखदेख गर्ने,
घ) समूहको सम्पतिको सुरक्षा गराउने,
ङ) निर्णयको क्रममा मत बराबरी भएको बेला आफ्नै मत दिने,
च) समूहको उन्नति प्रगतिको लागि सक्षम तथा गतिशिल नेतृत्व प्रदान गर्ने,
छ) सचिवलाई बैठक बोलाउन निर्देशन दिने,
ज) समूहको आवश्यकता अनुसार छलफल गरी बैठकको अध्यक्षता गर्ने,
झ) समूहले गरेको निर्णयहरु कार्यान्वयन गर्ने गराउने,
ञ) समूहको हितकोषको लागि विभिन्न श्रोतहरुबाट सेवा उपलब्ध गर्न प्रयत्न गर्ने,
ट) विभिन्न सेवा प्रदायक संघरसंस्थाहरुसंग समन्वय गर्ने,
ठ) समूहको गतिविधिहरुलाई प्रभावकारी तुल्याउन योगदान गर्ने,
ड) समूहमा आउने विवादस्पद कुराहरुलाई समूह भित्रैबाट सुधार गर्ने,
४। समूहको सर्वोपरि हितको लागि नेतृत्व गर्ने,
ण) बैठकमा आम सहमतिबाट निर्णय गरी परिपाटी बसाल्ने,
त) बैठकमा सदस्यहरुको भावना र विचारलाई समेट्ने,
**(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको सहायक भई कार्य गर्ने,
ख) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सबै कार्य गर्ने,
ग) कार्य समितिले ताकेको कार्य गर्ने,

**(३) सचिवको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको सामान्य निर्देशनमा रही साधारणसभा तथा कार्य समितिको निर्णयलाई कार्यान्वयन गर्ने,
ख) कार्य समितिको बैठक अध्यक्षको स्विकृती लिई बोलाउनु पर्नेछ,
ग) बैठकमा अध्यक्षको परामर्शमा कार्यसूचि तयार गरी बैठकमा पेश गर्ने,
घ) सामान्य कार्यालय सञ्चालन र नियन्त्रण सचिवले गर्नेछ,
ङ) समूहको सम्पूर्ण कागजात माईन्यूट कितावको संरक्षण गर्ने दुरुस्त राख्ने,
च) बैठकमा प्रस्तावहरु, सरसल्लाह छलफल भएको निर्णयहरु सबै कोलम बन्द गर्ने,
छ) सम्बन्धित निकायहरुसँग पत्राचार गर्ने निर्णयको प्रतिलिपी गाउँपालिकामा पठाउने,
ज) समूहको पत्राचार गर्ने कागजपत्रहरु तयार गरी अध्यक्षको दस्तखत गराई पठाउने,
झ) समूहको नियमित प्रगति विवरणहरु तयार गरी राख्ने,
ञ) समूहको वार्षिक कार्ययोजना तयार गरी सम्बन्धित ठाउंमा पठाउने,
ट) समूहले निर्णय गरेपछि अन्तमा निर्णय पढेर सुनाउने ।

**(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) समूहको हितकोषको पूर्ण जिम्मेवारी हुनुपर्ने,
ख) चाहिएको समयमा हितकोष रकम समूहलाई उपलब्ध गराउनुपर्ने,
ग) समूहको आम्दानी खर्चको सम्पूर्ण सही हरहिसाव राख्नुपर्ने,
घ) साधारण सभामा समूहको वित्तिय (आर्थिक) प्रतिवेदन पेश गर्ने र आर्थिक योजना प्रस्तुत गर्ने,
ङ) अध्यक्षको स्विकृतीमा रु..........सम्म खर्च गर्न सकिनेछ तर अर्को कार्यसमितिको बैठकमा सो को बील भरपाई पेश गर्ने,
च) समूहको कोष बढाउन सक्रिय हुनुपर्ने,
छ) समूहको आम्दानी तथा खर्चको लेखा परिक्षण गराउने जिम्मेवारी,
ज) समूहको नियमित मासिक हितकोष संकलन गर्ने,
झ) समूहको कोषबृद्धि गर्ने योजनाहरु तयार गरी बैठकमा राख्ने,
ञ) बैठकमा बेलाबखतमा समूहको आय व्यय हिसाव सदस्यहरुलाई सुनाउने,
ट) समूहको कार्यमा भएका खर्चहरु अध्यक्षबाट प्रमाणित गराई फाईलमा राख्ने ।

**(५) कार्य समिति सदस्य काम, कर्तव्य र अधिकार :**

क) सचिवले कार्य समितिको निर्णय अनुसार कार्य विभाजन गरी कार्यालयलाई दिए बमोजिमको कामको कार्यान्वयन रेखदेख नियन्त्रण गर्नुपर्ने,
ख) कार्यसमितिको बैठकमा प्रस्तुत एजेण्डामा छलफल गर्ने, निर्णय दिने र मत दिने,
ग) कार्य समितिले दिएको लगाएको अहाएको कार्य गर्ने ।

६. आर्थिक व्यवस्था (१) आर्थिक श्रोत देहायको श्रोतबाट प्राप्त हुनेछ ।

क) यस समूहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क,
ख) समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी,
ग) कुनै पनि राष्ट्रिय र अन्तराष्ट्रिय संघरसंस्था वा व्यक्तिबाट प्राप्त चल अचल सम्पति,
घ) समूहको सदस्यले जम्मा गर्ने हितकोष (बचत) रकम,

ङ) समूहबाट ऋण लगानी गर्दा प्राप्त व्याज,
च) समूहले अन्य संघ र संस्थाहरुबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट निश्चित लेबी,
छ) समूहले सदस्यले आफ्नो नामबाट गरेको हितकोष,
ज) ऋण लगानी गर्दा प्राप्त ....... प्रतिशत सेवा शुल्क,
झ) बिलम्ब शुल्कबाट।

२. हितकोष:
(क) श्री ...................... पोषण समूहको एक हितकोष हुनेछ।
(ख) ............................ बैकंमा समूहको खाता रहनेछ।
(३) हितकोष परिचालन :
(क) हितकेष रकम कम्तीमा ५० प्रतिशत कृषि कार्यमा संचालन गर्नु पर्नेछ।
(ख) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण सापटी लिन सकिनेछ।
(ग) समूहको ऋण लगानी गर्नु पूर्व ऋण उपसमिति गठन गर्नुपर्नेछ।
(घ) तर सदस्यले ऋण माग गर्दा निवेदन फारमको ढाँचामा दिनुपर्नेछ।
(ङ) कृषि कार्यको लागि लिईएको ऋणमा....... प्रतिशत व्याज लाग्नेछ।
(च) मासिक व्याज मासिक हितकोष रकम एवं ऋणी सदस्यले तोकेको ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ।
(छ) ऋण लिंदा ऋण रकमका प्रतिशत सेवा शुल्क बुझाउनुपर्नेछ।
(ज) बैंकमा समूह अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ।
(४) हितकाष परिचालनका उपायहरुलाई २ बर्गमा बिभाजन गर्न सकिनेछ।
(क) आवश्यक खर्च : आवश्यक खर्च भन्नाले देहाय बमेजिमको कार्यालय खर्च र प्रसाशनिक खर्च भन्ने जनाउदछ।

- कार्यालय खर्च(कापी, कलम, बिल, भौचर, फाईल, रजिष्टर, खाता पत्रपत्रीका)
- फर्निचर खर्च
- ढुवानी तथा घर भाडा
- अन्य संस्थासंग सदस्यता लिदा तिर्नुपर्ने खर्च र वार्षिक नवीकरण खर्च
- लेखा परिक्षण खर्च
- कर्मचारी पारिश्रमीक खर्च
- साधारण सभा खर्च
- विविध, चिया नास्ता

(ख) आन्तरिक लगानी

- उत्पादनमुलक कार्य
- आयमूलक कार्य गर्न
- घरेलु आयमूलक कार्य गर्न
- सामाजिक कार्य गर्न
- सिप विकास गर्न
- बौद्दिक कार्य गर्न
- पुँजी लगानी, कर्जा प्रवाह, शेयर खरिद आदी गर्न।

(५) बिलम्व शुल्क :
(क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु ...... विलम्ब शुल्क लाग्नेछ
(ख) दोश्रो महिना प्रति दिन रु.......बिलम्ब शुल्क लाग्नेछ ।
(ग) तेश्रो महिना प्रति दिन रु....... लाग्ने छ
(घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।
(ङ) प्रत्येक महिना बुझाउनुपर्ने ऋण किस्ता र व्याज नबुझाएमा पहिलो महिना रु. .... प्रतिदिन दोश्रो महिना महिना रु..... प्रति दिन र तेश्रो महिना रु... प्रतिदिन बिलम्ब शुल्क लाग्नेछ । चौथो महिना ऋण रकम र व्याज ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।
(च) एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुनः जमानी बस्न पाइने छैन ।
छ जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋणका जमानी सदस्यले ऋण पाउन सकिनेछ ।
ज) ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाईने छैन ।
क) ऋण लिनका लागि कम्तिमा २ जना सदस्यको जमानी बस्नुपर्ने छ ।
(६) लेखापरिक्षणः
क) प्रत्येक समूहले रजिष्टार्ड लेखा परिक्षण अनिवार्य रुपमा गराउनु पर्दछ ।
(ख) लेखा परिक्षण वार्षिक साधारण सभाका पूर्ण बहुमतबाट अनुमदन गर्नु पर्दछ ।
(ग) मूनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक वर्षको लेखा परीक्षण पछिनिजहरुको हिसाब खातामा जम्मा गर्नु पर्दछ ।
७. विविध :
(१) निर्वाचन सम्वन्धी व्यवस्था :
(क) यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।
(ख) सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराईसक्नु पर्नेछ ।
(ग) सो निर्वाचनमा गर्नुपर्ने खर्च कार्यसमितिले व्यवस्था गर्नेछ ।
(घ) कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्वारा साधारण सभाका सदस्यहरुले छान्नेछ।
(२) पदावधी :
(क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुनेछ ।
(ख) सो गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।
(ग) कार्यरत रहेको निर्वाचन कार्य समितिको कार्य अवधि समाप्त हुनासाथ सो कार्य समितिसँग भएको मानिनेछ । निजको कार्यअवधि समाप्त भएपछि सो कार्य समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ प्रबन्ध वा तयारी समिति खडा गरी सो तदर्थ समितिद्वारा साधारण सभाको बैठक बोलाई नया कार्य समितिले गठन गर्नेछ ।
(घ) कार्य समितिको पदावधि समाप्त हुन अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समिति आफ्नो कार्यसमितिले आफ्नो जिम्मा रहेको कागजपत्र जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव भए सो लाई बुझाई सो को भरपाई लिनुपर्नेछ ।
(ङ) सो नगरेमा यस समूहलाई हानीनोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रूपमा क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।
(३) उम्मेदवारको अयोग्यताः
(क) पोषण लक्षित समुहमा नभएको व्यक्ति,
(ख) समूहको उद्देश्य विपरित कार्य गरेको व्यक्ति,
(ग) मानसिक सन्तुलन नभएको व्यक्ति,

(घ) फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति,

(४) अविश्वासको प्रस्ताव :

साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्यसमिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्यसमिति विघटन हुनेछ। तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट वञ्चित गरिने छैन।

(५) राजीनामा :

(क) यस समूहको अध्यक्षले उपाध्यक्ष समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरु तथा सदस्यको राजीनामाको हकमा अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन्।

(ख) कार्यसमितिको बैठकबाट स्वीकृत नभएसम्म तिनीहरु आफ्ना पदमा रही रहनेछन्।

(६) विधान संशोधन

(क) समूहको विधान संशोधन गर्न आवश्यकता पर्ने भएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गरिनेछ।

(ख) उपस्थित सदस्यहरुमध्ये २/३ बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिनेछ।

(ग) संसोधन विधान स्थानीय निकायको स्वास्थ्य शाखाबाट अनुमोदित नभएसम्म संसोधन भएको मानिने छैन।

(७) नियम बनाउने : साधारण सभाले आन्तरिक संचालन नियमहरु बनाउन सकिनेछ।

(६) उपसमितिहरु गठन गर्न सकिनेछ : साधारण सभाले वा कार्यसमितिले साधारण सभाको स्विकृत लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न समूहको लक्ष्य र उद्देश्य प्राप्ति गर्न उपसमितिहरु बनाउन सकिनेछ।

९. विघटन

क) समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए वा तीन वर्ष समूह नवीकरण नभएमा समूह विघटन हुनेछ।

(ख) समूह विघटन भएको अवस्थामा बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नुपर्नेछ

१०. समूह छाडनुपर्ने अवस्था

क) कुनै पनि सदस्यले चाहेको खण्डमा निजकै नाममा संकलन भएको हिलाकोष रकमबाट ३ प्रतिशत कट्टा गरी बाँकी रकम भुक्तानी दिइनेछ।

(ख) यकुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेका सम्पूर्ण रकम निजको सबभन्दा नजिकको आफन्तलाई व्याजसहित फिर्ता गरिनेछ।

११. समूहको चल अचल सम्पति :

(क) समूह विघटन भएपश्चात समूहको चल अचल सम्पति स्वास्थ्य तथा सरसफाइ शाखाको निर्णय बमोजिम हुने छ।

(ख) उक्त निर्णय चित्त नबुझेको खण्डमा निर्णयको जानकारी पाएको ३५ दिन भित्र गाउँपालिकाको उपाध्यक्ष समक्ष निवेदन गर्न सकिनेछ।

(ग) ( खण्ड (ख) बमोजिम उपाध्यक्षले गरेको निर्णय अन्तिम हुनेछ।

**अनुसूचि- २**

समूह दर्ताको लागि पेश निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
डोल्पो बुद्ध कार्यपालिकाको कार्यालय,
डोल्पा।

विषय: समूह दर्ता गरी पाउँ ।

उपर्युक्त सम्बन्धमा ………………….. सहयोगमा / हामी आफै संगठीत भई डोल्पो बुद्ध गाउँपालिका वडा नं. ….. मा गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरीकताको प्रतिलिपि सहित निवेदन गरिएको छ।

**समूहको विवरण**

पोषण समूहको नाम :
ठेगाना : डोल्पो बुद्ध गाउँपालिका वडा नं. …… ………………
समूहको उद्देश्य:
सदस्य संख्या : पुरुष …… …  महिला …… ….. जम्मा …….
नियमित बैठक दिन :
अध्यक्षको नाम र सम्पर्क नं. :
प्रति व्यक्ति बचत रु :
समूहमा जम्मा हितकोष रकम रु

निवेदक
दस्तखत :
नाम:

**अनुसूचि- ३**
**पोषण समूह दर्ता प्रमाण-पत्र**

समूह पद्धतिलाई सुव्यवस्थि गर्दै हजार दिनका महिलाको पोषण अवस्था सुधार गर्ने कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस डोल्पा जिल्लाको डोल्पो बुद्ध गाउँपालिका वडा नं. ….. मा मिति …………….. गठित श्री **…………………. पोषण प्रवर्द्धन समूहलाई** यस कार्यालयको अभिलेखमा दर्तागरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

………………
स्वास्थ्य शाखा प्रमुख
अधिकृत

……………….
प्रमुख प्रशासकिय

**पछाडिको भाग**

| नवीकरण मिति | | कार्यालय प्रमुखको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**अनुसुची ४**

**ऋण माग फारमको नमुना**

श्रीमान् अध्यक्ष ज्यू

विषय :- ऋण उपलब्ध गराईदिने बारे ।

महोदय

उपरोक्त सम्बन्धमा मलाई…………………कामको लागि आवश्यकता परेकोले रु. .......। - (अक्षेरुपी मात्र) समूह हितकोषबाट ऋण स्वरुप उपलब्ध गराइ दिनुहुन अनुरोध छ साथै यसै निवेदनको साथ जमानी सदस्यहरुको सिफारिस पेश गरेको छु । रु. ........ /- (अक्षेरुपी .मात्र ऋण किस्ता मासिक वचत नियमित रुपले प्रत्येक महिना बुझाउनेछु ।

निवेदक

**जमानी सदस्यहरु**

१. दस्तखत

नाम : ………………………..

दस्तखत :

ठेगाना :………………………………..

२.दस्तखत: ……………………………………..

नाम : ………………………………

ठेगाना :……………………………………

३.कार्यालय प्रयोजनको लागि

नियमानुसार भए बमोजिमको ऋण रु. (अक्षेरुपी मात्र) मासिक किस्ता रु……………… (अक्षेरुपी मात्र) गराउनु ।

उपलब्ध भएको मिति :

उपलब्ध भएको चेक नं.

कोषाध्यक्ष

सचिव

अध्यक्ष

अनुसूची-५.

**तमसुकको नमूना**

लिखितम जिल्ला डोल्पा,डोल्पाबुद्ध गाउँपालिका वडा नं ….. बस्नेको नाति/नातिनी /छोरी /बुहारीको……………को छोरा/छोरी / श्रीमती/ वर्ष ……को ………………………………… श्री …………….पोषण समूहबाट निर्धारण गरिएको व्याज दर र अन्य शर्त नियमका अधिनमा रही घर खर्च /कृषि /पोषण / ………. आयोजना कार्य गर्नका निमित्त सापटी (ऋण) नगद रु ………………..(अक्षरेपी )…………………………मात्र यस समूहको ……………………….बैंकको शाखा कार्यालय……….. स्थित रहेको बचत /चल्ती खाता ……………. चेक नम्बर …………….बाट बुझिलिई भाका राखी तपसिलमा लेखेको व्यक्तिहरूको रोहबरमा यस समूहको कार्यालयबाट बुझिलिएको ठीक साँचो हो । माथि कबुलियत गरिएको भाखा भित्र सावा व्याज तिर्न बुझाउन सकिन भने मेरो चल अचल सम्पत्तिबाट नेपालको प्रचलित ऐन कानून बमोजिम असुल उपर गरी लिएमा मेरो मन्जुरी छ । तपसिलका साक्षी किनारा सदर :

तपसिल :

डोल्पा जिल्ला, डोल्पो बुद्ध गाउँपालिका वडा नं. ….. बस्ने ………………………… नाति/ नातिनी/ बुहारी/छोरी ………….. को छोरा/ छोरी /श्रीमती ……………………………………………………………

डोल्पा जिल्ला, डोल्पो बुद्ध गाउँपालिका वडा नं. ….. बस्ने ………………………… नाति/ नातिनी/ बुहारी/छोरी ………….. को छोरा/ छोरी /श्रीमती ……………………………………………………………

डोल्पा जिल्ला, डोल्पो बुद्ध गाउँपालिका वडा नं. ….. बस्ने ………………………… नाति/ नातिनी/ बुहारी/छोरी ………….. को छोरा/ छोरी /श्रीमती ……………………………………………………………

इति संवत २० साल ……. महिना ………… गते रोज …..

**अनुसूचित ६**

**समूह कार्य समितिका पदाधिकारीहरू र साधारण सदस्यको विवरण फारम**

समूहको नाम:

**समूहका कार्य समितिका पदाधिकारीको विवरण:**

| क्र.स. | नाम | पद | लिङ्ग | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | परिवार सङ्ख्या | मोबाइल नम्बर | हस्ताक्षर | फोटो। |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | | | | |
| २ | | उपाध्यक्ष | | | | | | | | |
| ३ | | कोषाध्यक्ष | | | | | | | | |
| ४ | | सचिव | | | | | | | | |
| ५ | | सदस्य | | | | | | | | |
| ६ | | सदस्य | | | | | | | | |
| ७ | | सदस्य | | | | | | | | |
| ८ | | सदस्य | | | | | | | | |
| ९ | | सदस्य | | | | | | | | |

नोट : कार्य समितिका पदाधिकारीहरूको नागरिकताको प्रतिलिपि राख्नुपर्छ ।

**कार्य समितिका पदाधिकारी बाहेकका साधारण सदस्यहरूको विवरण :**

| क्र.स. | नाम | पद | लिङ्ग | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | परिवार सङ्ख्या | मोबाइल नम्बर | हस्ताक्षर | फोटो |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | सदस्य | | | | | | | | |
| २ | | सदस्य | | | | | | | | |
| ३ | | सदस्य | | | | | | | | |
| | | सदस्य | | | | | | | | |
| | | सदस्य | | | | | | | | |
| | | सदस्य | | | | | | | | |
| | | सदस्य | | | | | | | | |
| | | सदस्य | | | | | | | | |
| | | सदस्य | | | | | | | | |

नियमित बैठक बस्ने दिन .....................................

प्रतिदिनसम्मको हितको संकलन हुने रकम .....................

हालसम्म हितको जम्मा भएको रकम .................................

सिफारिस गर्नेको सही.................................................

## अनुसूची ७
## मासिक हितकोष संकलन फाराम

**समूहको नाम:**
**साल :**

| क्र.स. | नाम | मासिक जम्मा रक | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बै | जे | अ | सा | भा | अ | का | म | पौ | मा | फा | चै |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |

## अनुसूची ८
## समूहको लगानी विवरण

**समूहको नाम :**

| क्र.स. | ऋण लिने व्यक्तिको नाम | ठेगाना | उद्देश्य | रकम | लिएको मिति | रकम बुझाउनुपर्ने मिति | लिनेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |

## अनुसूची ९
## असुली फारम

**समूहको नाम :**

| क्र.स. | नाम थर | ठेगाना | सावा रु | ब्याज रु | जम्मा रु | बुझ्नेको नाम | झ्नेको हस्ताक्षर | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |

## अनुसूची १०
## सम्पत्ति नगद तथा जिन्सी खाता

२०....... साल ..... .....महिना

| मिति | विवरण | जम्मा खर्च रु | बाँकी रु | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| जम्मा | | | | |

## अनुसूची ११
## सामान बिक्री तथा आम्दानी खाता

**समूहको नाम:**

| मिति | विवरण | आम्दानी रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| जम्मा | | | |

## अनुसूची १२
## सामान खरिद तथा खर्च खाता

**समूहको नाम:**

| मिति | विवरण | खरिद / खर्च रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| जम्मा | | | |

## अनुसूची १३
## दायितत्व खाता

**समूहको नाम:**

| मिति | विवरण | आम्दानी रु | खर्च रु | मौज्दात रु |
|---|---|---|---|---|
| | | | | |
| जम्मा | | | | |

## अनुसूची १४
## पोषणबाट सञ्चालन गरिने वार्षिक कार्यक्रमको लागि अनुगमण तथा मूल्याङ्कन

समूह/ संस्थाको नाम:……………………….

आर्थिक वर्ष …………

समिति /उपसमिति …………………..

| क्र.स. | आयोजनाको नाम | काम | लक्ष्य | कार्यान्वयन रणनीति | बजेटको श्रोत | | | समय | अवधि | स्थान | प्रमुख जिम्मेवारी | अनुगमण तथा मूल्याङकन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | समूहको हितकोष | कृषकको व्यक्तिगत विवरण | बाह्य स्रोत | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |